नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, दोलखा

सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# त्रैमासिक प्रगति विवरण

(आ.व.२०८२/८३ (श्रावण-असोज)


प्रकाशक

नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय, दोलखा

# जिल्ला प्रशासन कार्यालय

*चरिकोट दोलखा*

**सूचनाको हक सम्वन्धी ऐन,२०६४ को दफा ५ (३) नियमावली, २०६५ को नियम ३ बमोजिम प्रकाशित विवरण**

## १. पृष्ठभूमि

जिल्लामा शान्ति सुव्यवस्था एवं अमनचयन कायम गरी जिल्लाको प्रशासन सञ्चालन गर्नको लागि स्थानीय प्रशासन ऐन, २०२८मा व्यवस्थाभए अनुरुपप्रत्येक जिल्लामा जिल्ला प्रशासन कार्यालयको स्थापना गरिएको छ। नेपाल सरकार गृह मन्त्रालयले प्रमुख प्रशासकीय अधिकारीको रुपमा काम गर्ने गरी एक जना प्रमुख जिल्ला अधिकारीको नियुक्त गरी पदस्थापन गर्ने गर्दछ ।प्रमुख जिल्लाअधिकारीलेप्रचलितकानून, नेपाल सरकारको नीति, निर्देशनतथा गृह मन्त्रालयको निर्देशन र नियन्त्रणमा रही नेपाल सरकारको प्रतिनीधिको रुपमा जिल्लामा काम गर्दछ

जिल्लामा शान्ति सुव्यवस्था कायम गरी जनताको जीउ, धन र स्वतन्त्रताको संरक्षण गर्नु जिल्ला प्रशासन कार्यालयको मुख्य कार्य हो । नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरण गरी राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरि तीन तहमा विभाजन गरेको छ । जिल्ला प्रशासन कार्यालय नेपालको संविधानको अनुसूची-५ मा रहेको संघको अधिकार सूचीमा रहेका विषयमा सेवा प्रवाह गर्ने संघीय सरकारको महत्वपूर्ण प्रतिनिधि संस्था हो । यस कार्यालयले जिल्ला भित्रको सेवा प्रवाहलाई प्रभावकारी बनाई सुशासन कायम गर्नका साथै जिल्लामा रहेका कार्यालय तथा संघ संस्थाहरुबाट सम्पादित काम-कारवाहीको रेखदेख, नियन्त्रण र अनुगमन गर्ने जस्ता कार्यहरु समेत गर्दछ ।तोकिएको जिम्मेवारी बाहेक अन्य क्षेत्रमा नसमेटिएको सबै क्षेत्रहरु समेतमा यसको भूमिका रहने हुँदा बहुआयामिक कार्य गर्ने निकायको रुपमा कार्यालय पर्दछ ।

## जिल्लाको सामान्य परिचय

दोलखा जिल्ला, नेपालको बागमती प्रदेशमा पर्ने जिल्ला मध्ये एक हो । मनोरम हिमाल, पहाड, पर्वत, नदिनाला, वन-जंगल, धार्मिक स्थल तथा अनुपम सांस्कृतिक एवं प्राकृतिक सम्पदाको दृष्टिले अग्रणी दोलखा जिल्ला नेपालको राजधानी काठमबाट १३३ कि.मी.को दुरीमा अवस्थित छ ।यस जिल्लाले छुट्टै आर्थिक, सामाजिक, धार्मिक र पछिल्ला दिनमा आएर राजनीतिक पहिचान कायम राख्दै आएको पाइन्छ ।

प्राचीन समयदेखि नै तामाकोशीको किनारै किनार भएर भोटसँग व्यापार मार्ग खुलेकाले व्यापार गर्न आउदा जाँदा दोलखामा कुनै डर त्रास नभई सुरक्षित तवरले आवत जावत हुने भएकोले नै यस स्थानलाई पहिला अभयपुर भनेर चिनिन्थ्यो भन्ने भनाई रहेको छ भने कसै कसैले दोलखा राज्यको शासन व्यवस्थामा सात सुरक्षा घेरा भएको कारणले नै दोलखालाई अभयपुर महापतन भनिन्थ्यो भन्ने भनाई रहेको छ। ऐतिहासिक अध्ययन गर्दा केही समय दोलखा छुट्टै राज्य र केही समय किराँत राज्य अन्तर्गत समेत रहेको कुरा पुष्टि हुन्छ। यो जिल्ला मल्ल तथा लिच्छवी कालमा संयुक्त भोटसँग व्यापार गर्ने एउटा महत्वपूर्ण व्यापारीक केन्द्रको रुपमा रहेको थियो।

दोलखाको नामाकरण सम्वन्धमा विभिन्न किंवदन्तीहरु पाईन्छन्। सत्य युगमा भीम नामको राक्षसले तपस्या गरी महादेवबाट अजर अमर रहने आशिर्वाद पाई यस अभयपुर क्षेत्रमा राज्य गर्ने क्रममा जनताको दुई लाख बली लिएको र तत्पश्चात यहाँका जनतात्राहिमामभई महादेवको शरण पर्न गए र महादेवले भीम राक्षसलाई शिलामा समाहित हुन र यसो भएमासबै युगमा उक्त शिलाको पुजाआजा हुने भनी आदेश भएपछि भीम राक्षस शिला बनेको, साथै सोही समयदेखी उक्त शिलाभिमेश्वरको नामबाटभिमसेनको रुपमा पुजाआजा हुँदै आएको र भिम राक्षसले दुई लाख बली लिएको हुँदा दुई लाखबाट अपभ्रंश भई

यस क्षेत्रको नाम दोलखा रहन गएकोभन्ने किंवदन्ती छ। अर्कोतर्फ तिब्बती भाषामा "दो" को अर्थ ढुंगा"ल" को अर्थ मन्दिर र "खा" को अर्थ घर भएकोले दोलखामा प्रशस्त मात्रामा ढुंगा माटोबाट बनाएको मन्दिर र घरहरु रहेको हुनाले यसलाई दोलखा नामाकरण गरिएको हो भन्ने भनाई पनि छ।

दोलखाको धार्मिक, साँस्कृतिक धरोहर भिमेश्वरमा बालाचतुर्दशी, चैतेदशै, बडादशै ईत्यादिमा भव्य मेला लाग्ने गर्दछ। महाभारतका पाँच पाण्डव गुप्तवास बस्दाको समयमा प्रयोग गरिएको सांकेतिक भाषालाई दोलखामा बसोवास गर्ने नेवार जातिहरुले बोलचाल गर्दै आउँदाको अवस्थाको रुपमा हाल रहेको नेवारी भाषालाई लिने गरेकाछन्। यसरी यहाँ बोलिने नेवारी भाषालाई यहाँका नेवार जातिहरुले सबैभन्दा पुरानो नेवारी भाषाको रुपमा मान्दछन्।

## जिल्लाको भौगोलिक अवस्था

| | | |
|---|---|---|
| जिल्ला | दोलखा | |
| क्षेत्रफल | २१९१ वर्ग किलोमिटर | |
| अग्लो स्थान | गौरीशंकर हिमाल - ७१३४ मि. | |
| होचो स्थान | सित्तली ७३२ मि. मेलुङ गा.पा. | |
| सिमाना | पूर्व -सोलुखुम्बु जिल्ला | |
| | पश्चिम- सिन्धुपाल्चोक जिल्ला | |
| | उत्तर -सिन्धुपाल्चोक जिल्ला र चीन | |
| | दक्षिण -रामेछाप जिल्ला | |

## जिल्लाको राजनैतिक तथा प्रशासनीक विभाजन

| | |
|---|---|
| प्रदेश.: | वागमती प्रदेश |
| जिल्ला: | दोलखा |
| जिल्ला सदरमुकामः | चरिकोट |
| नगरपालिका: | २ भीमेश्वर नगरपालिका र जिरी नगरपालिका |
| गाउँपालिकाः | ७ )कालिन्चोक, विगु, गौरीशंकर, वैतेश्वर, तामाकोशी, मेलुङ्ग र शैलुङ |
| प्रतिनिधि सभा निर्वाचन क्षेत्र: | १ (एक) |
| प्रदेश सभा निर्वाचन क्षेत्र: | २ (दुई) |
| जनसंख्या: | १,८५,५८६ (वि.सं. २०६८ सालको जनगणना अनुसार |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय दोलखा

| | |
|---|---|
| महिला: | १,००,०२३ (वि.सं. २०६८ सालको जनगणना अनुसार |
| पुरुष: | ८५,५६३ (वि.सं. २०६८ सालको जनगणना अनुसार |
| बसोवास | ब्राम्हण, क्षेत्री, गुरुङ, शेर्पा, मगर, तामाङ, थामी कुमाल, माझी, दमाई, सार्की, आदी |
| दोलखा जिल्लाका १२ जनजाती | तामाङ, नेवार, थामी, शेर्पा जिरेल, मगर, भुजेल, सुनुवार, गुरुङ, कुमाल, माझी, सुरेल |

## संगठनात्मक संरचना एवं दरवन्दी

जिल्ला प्रशासन कार्यालय दोलखाको दरवन्दी

| क्र.सं. | पद | श्रेणी | सेवा | समूह | संख्या |
|---|---|---|---|---|---|
| १ | प्र.जि.अ. | रा.प. प्रथम | प्रशासन | सा.प्र. | १ |
| २ | स.प्र.जि.अ. | रा.प. द्वितीय | प्रशासन | सा.प्र. | १ |
| ३ | प्रशासकीय अ. | रा.प. तृतीय | प्रशासन | सा.प्र. | २ |
| ४ | ना.सु. | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ५ |
| ५ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | १ |
| ६ | खरिदार | रा.प.अनं.द्वितीय | प्रशासन | सा.प्र. | ३ |
| ७ | क.अ. | रा.प.अनं.प्रथम | नेपाल विविध | विविध | २ |
| ८ | का.स. | का.स.पाचौं | प्रशासन | सा.प्र. | ६ |
| ९ | ह.स.चा. | श्रेणी विहिन | इन्जिनियरिङ्ग | विविध | १ |
| जम्मा | | | | | २२ |

जिल्लामा शान्ति सुरक्षालाई चुस्त दुरुस्त बनाउन, सेवा प्रवाहलाई प्रभावकारी बनाउन, विकासनिर्माण, पुननिर्माणमा सहजीकरण र समन्वय गर्न तथा सामाजिक–आर्थिक क्षेत्रलाई टेवा पुर्याउन सुशासनको प्रत्याभूति दिन जिल्ला प्रशासन कार्यालयदोलखा प्रतिबद्ध छ। अरु कुनै निकायलाई नतोकिएका भैपरी आउने कामहरुको समेत जिम्मेवारी वहन गरी आम नागरिकहरुलाई राज्यको उपस्थितिको अनुभूति गराउन यस कार्यालय क्रियाशिल रहेको छ । आगामी दिनमा जिल्ला प्रशासन कार्यालय दोलखाले आफ्नो कार्य सम्पादनमा थप पारदर्शिता कायम गर्दै सूचना प्रविधि (ICT)को उच्चतम प्रयोग मार्फत नागरिक मैत्री प्रशासनको प्रत्याभूतिगर्ने तर्फ अग्रसर हुदै कानून कार्यान्वयनमा दृढता पूर्वक लागि आफ्नो विश्वसनीयता र जवाफदेहीतामा अभिवृद्धि गरी जिल्लामा शान्ति सुरक्षालाई भरपर्दो र विश्वासनीय बनाउन, सेवा प्रवाहलाई सहज, सरल, जनमुखी, पारदर्शी र सुशासनयुक्त बनाउन, शीघ्र र निष्पक्ष न्याय प्रदान गर्न, विकास निर्माण एवं पूननिर्माणका कार्यमा सहजीकरणर समन्वय गर्न तथा नागरिककागुनासा एवं पीर मर्काहरुको शीघ्र सुनुवाई गरी समाधान गर्ने लगायतका राज्यको भूमिका प्रभावकारी र जनमैत्री बनाउन प्रतिबद्ध रहने छ ।

# जिल्ला प्रशासन कार्यालय,दोलखाको नागरिक वडापत्र

यस कार्यालयवाट प्रदान गरिने सेवाहरु कार्यालयको नागरिक वडा पत्रमा उल्लेख भए बमोजि

## नागरिक वडापत्र (Citizen Charter)

जिल्ला प्रशासन कार्यालय, दोलखा
नागरिक वडापत्र (Citizen Charter

| क्र.सं. | सेवा सुविधाहरुको विवरण | कार्य सम्पादन गर्न आवश्यक पर्ने कागजातहरु | सेवा प्राप्त गर्न लाग्ने: समय | सेवा प्राप्त गर्न लाग्ने: शुल्क/ दस्तुर | जिम्मेवार कर्मचारी/ शाखा/उपशाखा/ इकाइ | गुनासे |
|---|---|---|---|---|---|---|
| **१. नागरिकता सम्बन्धी** | | | | | | |
| १.१ | वंशजको आधारमा नेपाली नागरिकता | १. तोकिए बमोजिमको अनुसूची-१ को फाराममा सम्बन्धित स्थानीय तह वडाको सिफारिस ।<br>२. बाबुको र आमाको ना.प्र. र विवाहिता महिला भए पतिको ना.प्र.को प्रतिलिपी । सो नभए दाजु वा वंशज खुल्ने तीन पुस्ता भित्रको नातेदारको ना.प्र.को प्रतिलिपी र नाता प्रमाणित प्रमाण पत्र ।<br>३. सम्बन्धित वडाको सिफारिस पत्र ।<br>४. पिता,माता वा ना.प्र.बाट भिड्ने व्यक्तिबाट सनाखत सो नभए दाजु वा भाइ वा तीनपुस्ता भित्रको नजिकको अभिभावकको सनाखत ।<br>५. जन्ममिति खुल्ने शैक्षिक प्रमाण पत्र वा जन्मदर्ता पत्र वा नाबालक परिचय पत्र ।<br>६. फोटो २ प्रति<br>ख) अन्य जिल्लाबाट बसाई सराई गरी आउनेको हकमा :<br>१. स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट जारी भएको बसाई सराईको प्रमाणपत्र ।<br>२. जग्गाधनी प्रमाण पूर्जा । | प्रमाण पुगेकोमा सोही दिन | रु. १०।— को टिकट | स.प्र.जि.अ./ प्रशासकीय अधिकृत/ शाखा हेर्ने ना.सु. | स.प्र.जि / प्र.जि.अ. / हक |
| १.२ | वैवाहिक अंगीकृत नागरिकता (महिलाका लागि) | १. तोकिए बमोजिमको अनुसूची ७ को फाराममा सम्बन्धित स्थानीय तह वडाको सिफारिस ।<br>२. पतिको ना.प्र.को प्रतिलिपी ।<br>३. सम्बन्धित वडाको सिफारिस पत्र ।<br>४. विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपी ।<br>५. विदेशी नागरिकता परित्याग गर्न कारवाही चलाएको प्रमाण ।<br>६. पतिको सनाखत, पति नभएमा पतिको नाता भिड्ने नजिकको नातेदारको सनाखत । | प्रमाण पुगेकोमा सोही दिन | रु. १०।— को टिकट | स.प्र.जि.अ./ प्रशासकीय अधिकृत/ शाखा हेर्ने ना.सु. | स.प्र.जि / प्र.जि.अ. / हक |
| १.३ | कर्मचारी परिवारको नाताले ना प्र वितरण | १. जिल्लामा कार्यरत नेपाल सरकारको स्थायी कर्मचारी, सरकारी संस्थान, विश्वविद्यालयमा वा सामुदायिक विद्यालयमा कार्यरत स्थायी शिक्षकका परिवार भए सम्बन्धित निकायको सिफारिस पत्र ।<br>२. अनुसूची १ वंशज र अनुसूची ७ - वैवाहिक अंगीकृतको स्थानीय तहबाट सिफारिस फाराम ।<br>३. अटो साइजको फोटो २ प्रति (वंशज), ५ प्रति(वैवाहिक अंगीकृतका लागि)<br>४. पिता/पति वा नजिकको नातेदारको ना.प्र. सहित सनाखत ।<br>५. जन्ममिति खुल्ने शैक्षिक प्रमाण पत्र वा जन्मदर्ता पत्र वा नाबालक परिचय पत्र ।<br>६. विवाहित महिला भए विवाहदर्ता प्रमाणपत्र र पतिको नागरिकताको प्रमाणपत्र । | प्रमाण पुगेकोमा सोही दिन | रु. १३।— को टिकट | स.प्र.जि.अ./ प्रशासकीय अधिकृत/ शाखा हेर्ने ना.सु. | स.प्र.जि / प्र.जि.अ. / हक |
| **२. नावलाक परिचयपत्र सम्बन्धी** | | | | | | |
| २.१ | नावालक परिचयपत्र तथा प्रतिलिपी | १. तोकिएको ढाँचामा बमोजिमको निवेदन फाराम तोकिएको ढाँचामा फोटो टाँस गरी वडा सिफारिस<br>२. नाबालकको जन्मदर्ता प्रमाण पत्रको प्रतिलिपी<br>३. पिता, माताको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी<br>४. बच्चाको शैक्षिक योग्यताको प्रमाणपत्र भए सो को प्रतिलिपी<br>५. बच्चाको ३ प्रति पासपोर्ट साइजको फोटो<br>६. विदेशमा जन्म भएको भए सम्बन्धित मुलुकबाट जारी भएको Birth Certificate<br>७. कर्मचारी परिवार वा बसाई सराई गरी आएको हकमा नागरिकताको लागि तोकिएका आवश्यक कागजातहरु<br>८. बाबु आमासँग सम्बन्धित व्यक्तिको फोटो टाँस गरी नाता प्रमाणित । | सबै प्रमाण पुगेमा दरखास्त दिएकै दिन | रु. १०।— को टिकट प्रतिलिपीको हकमा प्रति पाना रु ३।— को टिकट | स.प्र.जि.अ. / प्रशासकीय अधिकृत/ ना.सु. | स.प्र. / प्र.जि.अ. / हय |
| **३. सिफारिस तथा प्रमाणित सम्बन्धी** | | | | | | |
| ३.१ | नाम, थर, उमेर फरक परेकोमा सो सच्याउने सम्बन्धी | क) नाम, थर सम्बन्धी<br>१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी<br>२. एस.एल.सी. वा सो सरहको उमेर खुलेको प्रमाणपत्र<br>३. शिक्षा विकास तथा समन्वय इकाइ तथा सम्बन्धित शैक्षिक संस्थाको सिफारिश पत्र, जन्म दर्ता प्रमाण पत्र<br>४. सम्बन्धित स्थानीय तह वडाको सिफारिशपत्र | सोही दिन | रु. १०।— को टिकट | स.प्र.जि.अ./प्रशासकीय अधिकृत/शाखा हेर्ने ना.सु. | स.प्र / प्र.जि.अ / ह |
| ३.२ | कुनै व्यहोरा प्रमाणित सन्दर्भमा | १. मनासिब व्यहोरा खुलेको निवेदन<br>२. स्थानीय तहको सिफारिश तथा प्रहरी सर्जमिन मुचुल्का<br>३. माग भएको व्यहोरा प्रमाणित गर्नुपर्ने विषय हेरी थप कागज आवश्यक पर्न सक्नेछ | आवश्यक जाचबुझ सकेको भोलिपल्ट | रु. १०।- को टिकट | स.प्र.जि.अ./ प्रशासकीय अधिकृत/शाखा हेर्ने ना.सु. | स. / प्र.जि. |
| **४. हातहतियार सम्बन्धी** | | | | | | |
| ४.१ | हातहतियार नामसारी सम्बन्धी | १. निवेदकको ना.प्र.को प्रमाणपत्र तथा इजाजतपत्र र दुई पक्ष बीचको नामसारी सम्बन्धि कागजात<br>२. नामसारी गरी लिने व्यक्तिको निरोगिता सम्बन्धी पत्र र प्रहरी प्रतिवेदन<br>३. नविकरणका लागी सक्कल इजाजत पत | आवश्यक जाचबुझ सकेको भोलिपल्ट | रु. १०।- को टिकट | स.प्र.जि.अ./ प्रशासकीय अधिकृत/शाखा हेर्ने ना.सु. | स. / प्र.जि. |
| ४.२ | राष्ट्रिय परिचयपत्र सम्बन्धी | १. अनलाइन फाराम<br>२.ना.प्र. प्रमाणपत्रको नक्कल र विवाह दर्ता<br>३. परिचयपत्र कार्ड लिनका लागि सम्बन्धीत व्यक्ति आफै मोवाइल मेसेज सहित उपस्थित हुने | प्रकिया पुरा भएमा सोही दिन | निःशुल्क | स.प्र.जि.अ./प्रशासकीय अधिकृत/शाखा हेर्ने क.अ. | स / प्र.जि. |
| **५. संघसंस्था पत्रपत्रिका तथा छापाखाना सम्बन्धी** | | | | | | |
| ५.१ | संस्था दर्ता सम्बन्धी | १. रित पूर्वकको निवेदन | आवश्यक जाचबुझ | रु. १०००।- | स.प्र.जि.अ./प्रशासकीय | स |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७.१ | साधारण राहदानी (कार्यालयबाट जारी हुने) | १. तोकिए बमोजिम अनलाईन फाराम<br>२. नेपालीनागरिकताको प्रमाणपत्रको सक्कलप्रति<br>३. नियमानुसार लाग्ने राहदानी दस्तुर तिरेको बैंक भौचर | निवेदन पेश गरेको ४२ दिन पछि | रु.५०००।- | स.प्र.जि.अ./प्रशासकीय अधिकृत/शाखा हेर्ने ना.सु. | स.प्र.जि. प्र.जि.अ. हक |
| ८.आर्थिक प्रशासन शाखा | | | | | | |
| ८.१ | विपद् प्रकोप व्यवस्थापन विपद प्रभावितलाई राहत | १. विवरण खुलेको सम्बन्धित पिडीत व्यक्तिको निवेदन<br>२. सम्बन्धीत गा.पा./ न.पा. को सिफारिस<br>३. प्रहरी कार्यालयबाट भएको सक्कल मुचुल्का पत्र<br>४. पहिचान खुल्ने प्रमाण पत्रको छाँयाप्रति<br>५. मृतकको हकमा मृत्यु दर्ता प्रमाणपत्र, नजिकको हकदारसंगको नाता प्रमाणित। | नियमानुसार | निवेदनमा रु.१०।- को टिकट | प्रशासन फाँट ... नं. /लेखा फाँट ना.सु./लेखापाल | |

## जिल्ला प्रशासन कार्यालय,दोलखाबाट आ.व.०८२/०८३ श्रावण १ देखि हाल सम्म कार्य प्रगती विवरण

### १. नागरिकता,राहदानी, नावालक परिचयपत्र र राष्ट्रिय परिचयपत्र वितरण सम्वन्धी

| सि.नं. | विवरण | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयाँ नागरिकता | ४१७ | ४२५ | ८४२ | |
| २ | नागरिकता प्रतिलिपी | ६४० | ६३५ | १२७५ | |
| ३ | अंगिकृत नागरिकता | २ | - | २ | |
| ४ | गैहआवासीय नागरिकता | २ | १ | ३ | |
| ५ | राहदानी | ४९४ | ७०० | १२११ | |
| ६ | राष्ट्रिय परिचयपत्र संकलन | १७९९ | १७५८ | ३५८७ | |
| ७ | राष्ट्रिय परिचयपत्र वितरण | २२८ | ७२३ | ९५१ | |
| ८ | नावालक परिचयपत्र | ३० | ३६ | ६६ | |

### २. मुद्दा सम्बन्धी

| सि.नं. | मुद्दा किसिम | गत आ.व.को | यस आ.व. | फछर्यौट | बाँकी |
|---|---|---|---|---|---|
| १ | अभद्र व्वहार | २ | ५ | १ | ६ |
| ३ | ठाडो उजुरी | ० | २१ | २१ | ० |

### ३. संस्था तथा हातहतियार सम्बन्धी विवरण

| विवरण | गत आ.व.सम्म दर्ता संख्या | यस आ.व.को दर्ता संख्या | नविकरण संख्या |
|---|---|---|---|
| संस्था सम्बन्धी | १३६२ | ४ | ५५ |
| हातहतियार सम्बन्धी | ५२ | ० | १२ |